# जापानमा अध्ययनका लागि आवश्यक प्रारम्भिक ज्ञान २०२५

# जापानमा अध्ययनका लागि आवश्यक प्रारम्भिक ज्ञान
२०२५



## विषय सुचि


### I . जापानमा अध्ययन गर्नका लागि कस्तो किसिमका तयारी जरुरी पर्दछ ?

01. जापानको शिक्षा प्रणालीले कसरी काम गर्दछ ? 2
02. जापानमा हाल अध्ययनरत विदेशी विद्यार्थीको संख्या कति रहेको छ ? 2
03. जापानमा अध्ययन गर्न अन्तर्राष्ट्रिय विद्यार्थीहरुकालागि के-कस्ता प्रावधान छन् ? 3
04. शुल्क कति तिर्नु पर्छ ? 4
05. आवासीय हैसियत (Status of Residence) के हो ? 4
    जापानमा अध्ययन गर्न कस्तो आवासीय हैसियतको आवश्यकता पर्दछ ?

### II . कस्तो विद्यालयमा अध्ययन गर्ने ?

01. जापानी भाषा शिक्षण संस्था के हो ? 5
02. स्नाकोत्तर तहमा भर्ना हुनको लागि आवश्यक प्राबधान के हुन्  ? 6
03. स्नातक तहमा भर्ना हुनको लागि आवश्यक प्राबधान के हुन् ? 6
04. जुनियर कलेज भर्ना हुनको लागि आवश्यक प्राबधान के हुन् ? 6
05. प्राविधिक कलेजमा भर्ना हुन आवश्यक प्रावधान के हुन् ? 6
06. व्यवसायिक प्रशिक्षण कलेज (भोकेसनल कलेज)मा भर्ना हुन आवश्यक प्रावधान के हुन् ? 7
07. अन्तर्राष्ट्रिय विद्यार्थीहरुका लागि छात्रवृत्तिको कस्तो व्यावस्था रहेको छ ? 7
08. जापानमा रोजगारी (काम) गर्न सकिन्छ ? 8


### III . जापानमा विदेशीहरुको लागि बसोबासको स्थिति कस्तो छ ?

01. निवास कार्ड (Residence Card) के हो ? 9
02. जापानमा जिवनयापन गर्न कति खर्च चाहिन्छ ? 10
03. के विद्यार्थीले पार्ट-टाइम काम गर्न पाउँछन् ? 11
04. बिजुली, ग्यास, पानी तथा टेलिफोन सेवाको प्रयोग गर्न के कस्ता प्रक्रिया पूरा गर्नु पर्छ ? 12
05. फोहोर फाल्ने व्यवस्था कस्तो रहेको छ ? (फोहोर व्यवस्थापन तथा रिसाइकल) 12
06. आपतकालीन अवस्थामा के गर्ने? 12
07. जापानको स्वास्थ्य बिमा तथा पेन्शन योजनामा सहभागि हुनु आवश्यक छ ? 12
08. व्यक्तिगत नम्बर (माई नम्बर) के हो ? 13
09. अध्ययन अवधिमा विदेशी विद्यार्थीले कस्ता प्रकृयाहरु पुऱ्याउनु पर्दछ ? 13
10. अन्तर्राष्ट्रिय विद्यार्थीले ध्यान दिनु पर्ने कुराहरु के-के हुन् ? 14

# I. जापानमा अध्ययन गर्नका लागि कस्तो किसिमका तयारी जरुरी पर्दछ ?

## 01 ▶ जापानको शिक्षा प्रणालीले कसरी काम गर्दछ ?

जापानको शिक्षा प्रणाली अन्तर्गत **प्राथमिक शिक्षा** (प्राथमिक विद्यालय- ६ वर्ष), **माध्यमिक शिक्षा** (निम्न माध्यमिक विद्यालय- ३ वर्ष र उच्च माध्यमिक विद्यालय- ३ वर्ष) रहेको छ। त्यसैगरी **उच्च शिक्षा** अर्न्तत स्नातक तह, विश्वविद्यालय तह, जुनियर कलेज, प्रविधिक कलेज, व्यवसायिक तालिम प्रदान गर्ने विद्यालयहरु पर्दछन्। जापानको विद्यालयहरुमा शैक्षिक सत्रको प्रारम्भ मुख्यतया अप्रिल महिनाम भई अन्त्यभने मार्च महिनामा हुने गरेको छ। तसर्थ केही विद्यालयहरुमा भने अक्टोबर महिनामा शुरु भई सेप्टेम्बर महिनामा अन्त्य हुने व्यवस्था पनि रहेको छ।




अनिवार्य शिक्षा कुल ९ वर्षको अवधिको रहेको हुन्छ जस अन्तर्गत प्राथमिक शिक्षा ६ वर्ष र निम्न माध्यमिक शिक्षा ३ वर्षको रहेको हुन्छ।

## 02 ▶ जापानमा हाल अध्ययनरत विदेशी विद्यार्थीको संख्या कति रहेको छ ?

जापानमा हाल उच्च शिक्षण संस्थामा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीहरुको संख्या जम्मा १८८,५५५ जना रहेको छ भने उच्च शिक्षा प्राप्त गर्नका लागि जापानी भाषा शिक्षण संस्थानहरुमा जापानी भाषा अध्ययनरत विद्यार्थीहरुको संख्या जम्मा ९०,७१९ जना रहेको छ। जापानमा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीहरुको कुल संख्या जम्मा २७९,२७४ जना रहेको छ (सन् २०२३ डिसेम्बर महिनाको तथ्यांक अनुसार)।

**विद्यालयको प्रकार अनुसार विदेशी विद्यार्थीको संख्या**

| | |
|---|---|
| स्नातकोत्तर र सो भन्दा माथिको तह | ५५,५३९ जना |
| स्नातक तह | ८०,३६२ जना |
| जुनियर कलेज | १,९५५ जना |
| प्राविधिक कलेज | ५०१ जना |
| व्यवसायिक कलेज (भोकेसनल कलेज) | ४६,३२५ जना |
| तयारी शैक्षिक पाठ्यक्रम * | ३,८७३ जना |
| जापानी भाषा शिक्षण संस्थान | ९०,७१९ जना |

**देश र क्षेत्रको आधारमा अन्तर्राष्ट्रिय विद्यार्थीहरुको संख्या**
(जापानी भाषा शिक्षण संस्थानहरु सहित)

| | |
|---|---|
| चिन | ११५,४९३ जना |
| नेपाल | ३७,८७८ जना |
| भियतनाम | ३६,३३९ जना |
| कोरिया | १४,९४६ जना |
| ताईवान | ६,९९८ जना |
| श्रीलंका | ६,८१९ जना |
| इन्डोनेशिया | ६,५५२ जना |

*उच्च शिक्षा प्राप्त गर्ने तयारी गरिरहेका तर आफ्नो देशमा कक्षा १२ सम्मको शिक्षा पूरा नभएका विद्यार्थीहरुका निम्ति उच्च शिक्षामा प्रवेश गर्न तयार पारिएको पाठ्यक्रम नै तयारी शैक्षिक पाठ्यक्रम हो।

(यो तथ्यांक जापान विद्यार्थी सेवा संगठनद्वारा सर्वेक्षण गरिएको हो)

# 03 ▶ जापानमा अध्ययन गर्न अन्तर्राष्ट्रिय विद्यार्थीहरुकालागि के-कस्ता प्रावधान छन ?

जापानमा उच्च शिक्षा प्राप्त गर्न चाहने व्यक्ति आफ्नो देशबाट या अरु कतैबाट कम्तिमा कक्षा १२ सम्मको विद्यालय अध्ययन पूरा गरेको हुनुपर्दछ । कक्षा १२ सम्मको अध्ययन पूरा नभएको तर उच्च शिक्षामा प्रवेश गर्ने योजना भएकाहरुले भने तयारी शैक्षिक पाठ्यक्रमको अध्ययन पूरा गर्नुपर्छ । त्यस्तै स्नातकोत्तर तहमा भर्ना हुन स्नातक तह वा सो-सरहको अध्ययन पूरा भएको हुनुपर्दछ ।

जापानको प्रायः सबै शैक्षिक संस्थानहरुमा जापानी भाषामा मात्रै कक्षाहरु संचालन गरिने हुँदा, जापानमा अध्ययन गर्न, जापानी भाषाको आधारभूत ज्ञान हुन आवश्यक छ (केही शैक्षिक संस्थाहरुमा भने अंग्रेजीमा कक्षा संचालनको व्यवस्था रहेको छ) । त्यसैले अन्तर्राष्ट्रिय विद्यार्थीहरु उच्च शिक्षाको अध्ययन प्रक्रियाको तयारी अघि जापानी भाषा शिक्षण संस्थानमा (६ महिना देखि २ वर्षको अवधि) जापानी भाषाको अध्ययन गदर्छन् । जापानी भाषामा दक्ष विद्यार्थीहरु भने जापानी भाषा शिक्षण संस्थानमा भर्ना नभइ सिधै उच्च शिक्षण संस्थामा प्रवेश गर्न सक्छन् । जापानी भाषाको आवश्यकताको प्रावधान विद्यालय अनुसार फरक पर्ने हुनाले समयमानै आवश्यक जानकारी प्राप्त गर्न जरुरी छ ।

आफ्नो जापानी भाषाको दक्षताको मुल्याकंन गर्न **"जापानी भाषा प्रवीणता परीक्षा** (JLPT)" लिन सकिन्छ । यस बाहेक विश्वविद्यालय तहमा प्रवेश पाउन, शैक्षिक योग्यताको मुल्यांकनका लागि **"अन्तर्राष्ट्रिय विद्यार्थीहरुका लागि जापानको विश्वविद्यालयमा प्रवेशका लागि परीक्षा** (EJU)" परीक्षाको प्रावधान पनि रहेको छ । यसका साथै, **"व्यवसायिक जापानी भाषा प्रवीणता परीक्षा** (BJT)" परीक्षा पनि उपलब्ध छ । यसबाट व्यापार/व्यवसाय तथा कामकाजमा चलनचल्तिमा रहेको बोलिचालिी र आवश्यक व्यवहारिक ज्ञानको मुल्यांकन गरिन्छ ।

①जापानी भाषा प्रवीणता परीक्षा (JLPT)

विदेशी नागरिकहरुको जापानी भाषाको दक्षताको मुल्याकंन गर्न "जापानी भाषा प्रवीणता परीक्षा (JLPT)को व्यवस्था गरिएको छ । परीक्षाको संचालन, जापानमा Japan Educational Exchanges and Services (JEES) (सार्वजनिक हितकारी संस्था)ल र अरु देशहरुमा भने जापान फाउन्डेशन (स्वतन्त्र प्रशासनिक संस्था)ले वर्षमा २ पटक जुलाई र डिसेम्बर महिनामा संचालन गर्दै आएको छ । परीक्षा केन्द्र सम्बन्धि जानकारीका लागि JLPTको आधिकारिक वेबसाईट हेर्नुहोस् ।

②अन्तर्राष्ट्रिय विद्यार्थीहरुका लागि जापानको विश्वविद्यालयमा प्रवेशका लागि परीक्षा (EJU)

जापानको विश्वविद्यालय वा सो सरहको शिक्षण संस्थामा प्रवेश गर्न, विद्यार्थीहरुको छनौट प्रक्रियाको रुपमा जापान विद्यार्थी सेवा संगठन (JASSO) ले यो परीक्षा संचालन गर्दै आएका छ । यो प्रवेश परीक्षा शैक्षिक संस्थामा भर्नाको प्रक्रियाका लागि जरुरी पर्ने हुनाले त्यसै अनुसारको समयलाई लक्षित गरी यो परीक्षा वर्षको २ पटक जुन र नोभेम्बर महिनामा जापान र अन्य देशहरुमा संचालन गरिन्छ । त्यसैले प्रायः जापान प्रवेश अगाडिनै यो परीक्षा दिनु पर्नु जरुरी हुन सक्छ । परीक्षा अन्तर्गत जापानी भाषा, गणित, विज्ञान (भौतिक, रसायन र जिव विज्ञान मध्ये कुनै दुई विषय मात्रै) र सामान्य ज्ञान जस्ता विषयहरु समावेश गरिएका छन् । परीक्षा केन्द्र सम्बन्धि जानकारीका लागि EJUको आधिकारिक वेबसाईट हेर्नुहोस् ।

※चीनमा यो परीक्षाको संचालनको व्यवस्था छैन ।


③व्यसायिक जापानी भाषा प्रवीणता परीक्षा (BJT)

यो परीक्षा विशेषत जापानी भाषा विदेशी भाषाको वा दोश्रो भाषाको रुपमा अध्ययनरत विदेशी नागरिकहरुलाई लक्षित गरिएको परीक्षा हो । यसले व्यापार/व्यवसाय तथा कामकाजमा चलनचल्तिमा रहेको बोलिचालि वा आवश्यक व्यवहारिक ज्ञानको मुल्यांकन गर्दछ ।

यो परीक्षा जापान खान्जि प्रवीणता परीक्षण फाउन्डेशन (सार्वजनिक हितकाकारी संघ) को सहयोगमा संचालन हुँदै आएको छ । जापान लगायत विभिन्न देशहरुमा CBT (Computer Based Testing) प्रणालीको माध्यमबाट संचालन गरिने यो परीक्षाकोलागि वर्षको कुनै पनि समयमा आवेदन दिन सकिन्छ । यो परीक्षामा मुख्यतः ३ भागमा विभाजित गरिएको छ -"सुनेर उत्तर दिने", "सुनेर र पढेर उत्तर दिने" र "पढेर उत्तर दिने" । परीक्षाको नतीजा पास/फेलमा आधारित नभई ० - ८०० अंक मध्ये प्राप्तांकको आधारमा J5–J1+ को ६ तहमा मुल्यांकन गरिन्छ ।



जापानमा उच्च शिक्षा प्राप्त गर्न शैक्षिक पृष्ठभूमिका साथै जापानमा पढ्न र बस्न लाग्ने खर्च तिर्ने क्षमता भएको वा छात्रवृत्ति पाएको हुनुपर्छ ।



## 04 ▶ शुल्क कति तिर्नु पर्छ ?

जापानको शैक्षिक संस्थाहरुमा भर्ना हुनको लागि औसत शुल्क तल तालिकामा प्रस्तुत गरिएको छ। यसमा पहिलो वर्ष भर्ना हुंदा लाग्ने भर्ना शुल्क, शिक्षण शुल्क लगायतका अन्य सुविधा तथा आवश्यक शुल्क समावेश गरिएका छन्। भर्ना शुल्क विद्यालय भर्ना/प्रवेशको पहिलो वर्षमा एक पटक मात्रै तिर्नु पर्नेछ।

तल उल्लेखित शुल्क अनुमानित शुल्क मात्र हो। सही शुल्कको जानकारीको लागि आफूले छनौट गर्ने विद्यालयमा सम्पर्क गर्नुहोला।

| | विद्यायल | संकाय | पहिलो वर्षको शुल्क |
|---|---|---|---|
| ① | निजी विश्वविद्यालय | विज्ञान | औसत १,५३०,००० येन (चिकित्सा तथा दन्त चिकित्सा बाहेक) |
| | | मानविकी | औसत १,१९०,००० येन |
| ② | प्राइभेट जुनियर कलेज | सबै विभागहरु | औसत १,१३०,००० येन |
| ③ | व्यवसायिक प्रशिक्षण कलेज (भोकेसनल कलेज) | इन्जिनियरिङ्ग | औसत १,३००,००० येन |
| | | वाणिज्य | औसत १,१७०,००० येन |
| | | फेशन | औसत १,१३०,००० येन |
| | | कला तथा संस्कृति | औसत १,२३०,००० येन |
| ④ | जापानी भाषा शिक्षण संस्था | जापानी भाषा अध्ययन | औसत ७९०,००० येन |

१,२- शिक्षा, संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा सन् २०२४ मा गरिएको सर्वेक्षणको नतीजा; ३- टोकियो महानगर व्यवसायिक विद्यायलय संघद्वारा सन् २०२४ मा गरिएको सर्वेक्षणको नतीजा; ४- जापानी भाषा प्रवर्धन संघद्वारा गरिएको सर्वेक्षणबाट साभार गरिएको हो।

## 05 ▶ आवासीय हैसियत (Status of Residence) के हो ? जापानमा अध्ययन गर्न कस्तो आवासीय हैसियतको आवश्यकता पर्दछ ?

जापानमा बसी विभिन्न गतिविधिहरुमा संलग्न हुनका लागि जापानको प्रचलित कानुन बमोजिम कुनै पनि विदेशी नागरिकलाई प्रदान गरिने स्वीकृति नै आवासीय हैसियत (Status of Residence) हो।

जापानमा अध्ययन गर्न आउने विदेशी नागरिकलाई आवासीय हैसियत "विद्यार्थी" हुन्छ।

| आवासीय हैसियत | विवरण |
|---|---|
| विद्याथी | विश्वविद्यालय, जुनियर कलेज, प्रविधिक कलेज, उच्च शिक्षण संस्था, माध्यमिक विद्यालय, प्राथमिक विद्यालय, भोकेसनल विद्यालय (व्यवसायिक विद्यालय), विविध विद्यालय अन्तर्गतको तयारी शैक्षिक पाठ्यक्रम तथा जापानी भाषा शिक्षण संस्थामा भर्ना भइ अध्ययन गर्न आउने अन्तर्राष्ट्रिय विद्यार्थीहरुलाई "विद्यार्थी" आवासीय हैसियत दिइन्छ। भिषा अवधि - न्याय मन्त्रीद्वारा निर्दिष्ट भए अनुसार (४ वर्ष ३ महिनाको अवधि ननाघ्ने गरी) |

जापानमा अध्ययन गर्ने प्रकियामा सर्वप्रथम जापानको क्षेत्रीय अध्यागमन सेवा ब्यूरो (Regional Immigration Services Bureau) बाट योग्यता प्रमाणपत्र (Certificate of Eligibility) प्राप्त गरेमा, भिषाको प्रकिया थोरै समयमानै पूरा हुने संभावना हुन्छ। योग्यता प्रमाणपत्रको लागि निवेदन भने जापान आउनु अगाडि, जापानको क्षेत्रीय अध्यागमन सेवा ब्यूरोमा आफैले वा आधिकारिक व्यक्ति (विद्यालयका स्टाफ आदि)को मार्फतबाट दिन सकिन्छ।

※सामान्यतया, विश्वविद्यालय तथा उच्च शिक्षण संस्थाहरु आदिमा विनिमय अध्ययनका लागि आउने अन्तर्राष्ट्रिय विद्यार्थीहरुलाई ३ महिनाको भिषा अवधि दिइन्छ भने नियमित अध्ययनका लागि जापानी शिक्षण संस्थाहरुमा भर्ना भएका अन्तर्राष्ट्रिय विद्यार्थीहरुलाई ६ महिना वा बढिको भिषा अवधि स्वीकृत गरिन्छ।

※आवश्यक परेमा, जापान प्रवेशपछि पनि, भिषा अवधिको म्याद थपका लागि निवेदन दिन सकिन्छ। (थप जानकारीका लागि पेज : १३ को ०९ को क) हेर्नुहोला)

# II. कस्तो विद्यालयमा अध्ययन गर्ने ?

विद्यालय तथा अध्ययनको लागि सही विषयको छनौटले नै तपाईको वैदेशीक अध्ययनलाई सफल तथा सार्थक बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । विभिन्न विद्यालयका विशेषताहरु र भर्ना प्रक्रियाको थप जानकारी निम्नलिखित रहेका छन् ।

## 01 ▶ जापानी भाषा शिक्षण संस्था के हो ?

विश्वविद्यालय, जुनियर कलेज, प्रविधिक कलेज, उच्च शिक्षण संस्था, माध्यमिक विद्यालय, प्राथमिक विद्यालय, भोकेसनल विद्यालय (व्यवसायिक विद्यालय), विविध विद्यालय अन्तर्गतको तयारी पाठ्यक्रम आदिहरुमा भर्ना हुनको लागि पहिलो खुड्किलोको रुपमा जापानी भाषा शिक्षण संस्थालाई लिइन्छ । "विद्यार्थी"को आवासीय हैसियतको लागि योग्य हुन, **अन्तर्राष्ट्रिय विद्यार्थीले मान्यता प्राप्त जापानी भाषा शिक्षण संस्था※ अथवा न्याय मन्त्रालयले घोषणा गरेका जापानी भाषा शिक्षण संस्थामा भर्ना भएको हुनु पर्नेछ** (यो नियम विश्वविद्यालय तथा जुनियर कलेजमा सिधै भर्ना भएका अन्तर्राष्ट्रिय विद्यार्थीहरुलाई भने लागु हुँदैन)। यस बारेमा आफैले पनि राम्ररी बुझ्नु होला ।

**※मान्यता प्राप्त जापानी भाषा शिक्षण संस्था भनेको के हो ?**
जापानी भाषा शिक्षणको उचित र भरपर्दो कार्यान्वयन सुनिश्चित गर्न, जापानी भाषा शिक्षण संस्थाहरुको प्रमाणीकरण (मान्यता) सम्बन्धि ऐन (सन् २०२३ को ऐन ४१), अप्रिल १, २०२४ बाट लागु भयो । ऐन कार्यनवयनको ५ वर्षको अवधि संक्रमणकालीन अवधिको रुपमा रहनेछ ।
जापानी भाषा शिक्षण संस्थाको पोर्टल साइट: https://www.nihongokyouiku.mext.go.jp/top

| विद्यालयको किसिम | विवरण |
|---|---|
| भोकेसनल कलेज (व्यवसायिक कलेज)- जापानी भाषा पाठ्यक्रम | भोकेसनल कलेज (व्यवसायिक कलेज)को जापानी भाषा पाठ्यक्रम अध्ययन अवधि - १ वर्ष देखि २ वर्ष सम्म |
| विविध विद्यालय अन्तर्गतका जापानी भाषा शिक्षण संस्था | विविध विद्यालय अन्तर्गत अनुमति प्राप्त गरेको जापानी भाषा शिक्षण संस्था अध्ययन अवधि - ६ महिना देखी २ वर्ष सम्म |
| विविध विद्यालय बाहेकका जापानी भाषा शिक्षण संस्था | विभिन्न कम्पनीहरु, सार्वजनिक सेवा निगम तथा व्यक्तिगत तहमा संचालित जापानी भाषा शिक्षण संस्थाहरु । यी शिक्षण संस्थाहरुमा छोटो अवधिको जापानी भाषा पाठ्यक्रम तथा विश्वविद्यालयमा प्रवेशका लागि आवश्यक तयारी पाठ्यक्रमको पनि व्यवस्था रहेको छ ।<br>अध्ययन अवधि - ६ महिना देखी २ वर्ष सम्म |
| तयारी शैक्षिक पाठ्यक्रम | तयारी शैक्षिक पाठ्यक्रम जापानको शिक्षा मन्त्रीले तोके अनुसार संचालन गरिन्छ । कक्षा १२ सम्मको अध्ययन अवधि पूरा नगरेका तर उच्च शिक्षा प्राप्त गर्न चाहने विद्यार्थीहरुकालागि विश्वविद्यालयमा प्रवेश सहज गर्न र आवश्यक योग्यता हासिल गर्न बनाइएको पाठ्यक्रम नै तयारी शैक्षिक पाठ्यक्रम हो । यस पाठ्यक्रमा जापानी भाषाको शिक्षणका साथै जापानी संस्कृति तथा अरु सामान्य विषयहरु पनि समावेश गरिएका हुन्छन् । अध्ययन अवधि - १ वर्ष देखि २ वर्ष सम्म |
| विश्वविद्यालय, जुनियर कलेजमा अन्तर्राष्ट्रिय विद्यार्थीको लागी पाठ्यक्रम | विश्वविद्यालय, जुनियर कलेजमा अध्ययनका लागि आउने विदेशी मूलका व्यक्तिहरुका लागि तयार गरिएको पाठ्यक्रम ।<br>यस पाठ्यक्रमा जापानी भाषाको शिक्षणका साथै जापानी संस्कृति तथा अरु उच्च शिक्षामा प्रवेश गर्न आवश्यक सामान्य विषयहरु पनि समावेश गरिएका हुन्छन् ।<br>अध्ययन अवधि - १ वर्ष |

जापानी भाषा शिक्षण संस्थामा भर्ना हुनु अघि अन्तर्राष्ट्रिय विद्यार्थीले कक्षा १२ सम्मको अध्ययन वा सो सरहको अध्ययन पूरा गरेको हुनु पर्दछ । यस बाहेक, भर्नाको समयमा विभिन्न छनौट प्रक्रिया तथा अन्तर्वार्ता समेत पार गर्नुपर्ने हुन सक्छ । यसकासाथै विश्वविद्यालय प्रवेशका लागि निम्नलिखित तालिकामा दिइएका कुनै एक जापानी भाषा प्रवीणता प्राप्त गरेको हुनुपर्ने छ ।

| | |
|---|---|
| १ | जापानी भाषा प्रवीणता परीक्षा (JLPT) को N5 वा सो भन्दा माथिको तह उतिर्ण गरेको |
| २ | व्यवसायिक जापानी भाषा प्रवीणता परीक्षा (BJT), JLRT-सुन्ने,पढ्ने सीपको परीक्षण (लेख्ने सीपको परीक्षण)मा कम्तिमा ३०० अंक प्राप्त गरेको |
| ३ | J.TEST व्यवहारिक (प्राक्टिकल) जापानी भाषा परीक्षणमा कम्तिमा F तह उतिर्ण गरेको, वा FG तहको परीक्षामा कम्तिमा २५० अंक प्राप्त गरेको |
| ४ | जापानी भाषा NAT-TEST मा कम्तिमा ग्रेड ५ (पूरानो मापदण्ड ग्रेड ४) उतिर्ण गरेको |
| ५ | Applied Japanese Language Education Association द्वारा संचालित स्ट्यान्डर्ड व्यवसायिक जापानी भाषा परीक्षण (STBJ)मा कम्तिमा ३५० अंक प्राप्त गरेको |
| ६ | TOPJ व्यवहारिक (प्राक्टिकल) जापानी भाषा परीक्षणमा Beginner A वा सो भन्दा माथिको तह उतिर्ण गरेको |
| ७ | J-cert परीक्षा अन्तगर्त Beginner वा सो भन्दा माथिको तह उतिर्ण गरेको |
| ८ | JLCT- विदेशीहरुको जापानी भाषा प्रवीणता परीक्षणको JCT 5 वा सो भन्दा माथिको तह उतिर्ण गरेको |
| ९ | PJC (Practical Japanese Communication) Bridge परीक्षामा C- वा सो भन्दा माथिको तह उतिर्ण गरेको |
| १० | जापानी प्रवीणता परीक्षा (JPT)मा कम्तिमा ३१५ अंक प्राप्त गरेको |

## 02 स्नाकोत्तर तहमा भर्ना हुनको लागि आवश्यक प्राबधान के हुन ?

जापानमा स्नातकोत्तर र सो भन्दा माथिको शिक्षालाइ स्नाकोत्तर (Masters) र विद्यावारिधी (Ph.D) गरि २ तहको पाठ्यक्रम र व्यवसायिक (स्नातकोत्तर तहको) विश्वविद्यालयमा भने सो तहको व्यवसायिक पाठ्यक्रमको व्यवस्था रहेको छ । स्नाकोत्तर तहमा प्रवेश पाउनका लागि स्नातक (Bachelors) तह पुरा गरी आवश्यक प्रमाणपत्र हासिल गरेको वा सो सरहको शैक्षिक योग्यता भएको वा अरु कुनै देशबाट (जापान बाहेक) १६ वर्षको विद्यालय अध्ययन पूरा गरेको हुनु पर्दछ । जापानको भोकेसनल कलेजबाट चार वर्षको अध्ययन पूरा गरेको व्यक्ति पनि स्नाकोत्तर तहमा भर्ना हुन योग्य हुन्छ । विद्यावारिधी तहमा प्रवेश पाउनका लागि स्नातकोत्तर वा सो सरहको अध्ययन पूरा गरेको वा व्यक्ति विशेषको प्रवेश परीक्षाद्धारा सो वा सो भन्दा माथिको शैक्षिक योग्यता प्रमाणित भइ २२ वर्ष उमेर पूरा भएको वा अरु कुनै देशबाट स्नातकोत्तर शिक्षा सरहको शैक्षिक योग्यताको प्रमाणपत्र भएको हुनु पर्दछ ।

## 03 स्नातक तहमा भर्ना हुनको लागि आवश्यक प्राबधान के हुन् ?

विश्वविद्यालय (स्नातक तह) तथा व्यवसायिक (स्नातक तह) विश्वविद्यालयमा भर्ना हुनको लागि कक्षा १२ उतिर्ण गरेको हुनु पर्दछ । यदि पूरा नभएको अवस्थामा तयारी शैक्षिक पाठ्यक्रम पूरा गर्नुपर्ने वा मान्यता प्राप्त प्रशिक्षण संस्थानबाट अनुमोदित पाठ्यक्रम पूरा गर्नुपर्ने वा व्यक्ति विशेषको प्रवेश परीक्षाद्धारा कक्षा १२ वा सो भन्दा माथिको शैक्षिक योग्यता प्रमाणित भइ १८ वर्ष उमेर पूरा भएको हुनुपर्छ । जापानको शिक्षा, संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मन्त्रालयले मान्यता दिएको विदेशमा रहेको विद्यालयबाट कक्षा ११ वा सो भन्दा बढीको अध्ययन अवधि पूरा गरेका व्यक्तिहरु पनि यस तहमा भर्ना हुन योग्य छन् । केही विश्वविद्यालयले भने अन्तर्राष्ट्रिय विद्यार्थीहरुको हकमा, छुट्टै प्रवेश परीक्षा संचालन गर्ने गरेको छ ।

यस अतिरिक्त केही विश्वविद्यालयले "अन्तर्राष्ट्रिय विद्यार्थीहरुका लागि जापानको विश्वविद्यालयमा प्रवेशको लागि परीक्षा (EJU)" को नतिजाको मतलव नगरेर, विद्यार्थी छनौटको लागि छुट्टै प्रवेश परीक्षा संचालन गर्ने गरेको पनि पाइएको छ । स्नातक तहको अध्ययन अवधि सामान्यतया ४ वर्ष हुन्छ (चिकित्सा संकायको अध्ययन अवधि भने ६ वर्ष हुन्छ) । स्नातक तहको अध्ययन पूरा गरेपछि स्नातकोपाधिद्वारा विभुषित गरिन्छ ।

## 04 जुनियर कलेज भर्ना हुनको लागि आवश्यक प्राबधान के हुन् ?

जुनियर कलेज तथा व्यवसायिक जुनियर कलेजमा प्रवेशका लागि आवश्यक प्रावधानहरु स्नातक तहमा प्रवेशको प्रावधान सरहनै कक्षा १२ सम्मको विद्यालय अध्ययन पूरा भएको हुनुपछ । यदि पूरा नभएको अवस्थामा तयारी शैक्षिक पाठ्यक्रम वा मान्यता प्राप्त प्रशिक्षण संस्थानबाट अनुमोदित पाठ्यक्रम पूरा गर्नुपर्ने वा व्यक्ति विशेषको प्रवेश परीक्षाद्धारा कक्षा १२ वा सो भन्दा माथिको शैक्षिक योग्यता प्रमाणित भइ १८ वर्ष उमेर पूरा भएको हुनुपर्छ वा जापानको शिक्षा, संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मंत्रालयले मान्यता दिएको विदेशमा रहेको विद्यालयमा कक्षा ११ वा सो भन्दा बढीको अध्ययन पूरा गरेका व्यक्तिहरु यस तहमा भर्ना हुन योग्य छन् । यस तहको प्रवेश परीक्षा पनि विश्वविद्यलयको स्नातक तह सरह नै हुन्छ ।

यस तहको अध्ययन अवधि भने सामान्यतया २ वर्षको हुन्छ (केहि संकायहरु भने ३ वर्ष) । अध्ययन पूरा गरेपछि "एसोसिएट डिग्रि"को उपाधि प्रदान गरिन्छ ।

## 05 प्राविधिक कलेजमा भर्ना हुन आवश्यक प्रावधान के हुन् ?

प्राविधिक कलेजमा भर्ना हुन आवश्यक प्रावधानहरु जुनियर कलेज तथा स्नातक तह सरह नै रहेका छन् । तर आफ्नो निजी लगानिमा अध्ययन गर्ने विद्यार्थीहरुलाई भने जापानको प्राविधिक कलेजमा सीमित संख्यामा मात्रै प्रवेश दिइन्छ ।

प्राविधिक कलेजको अध्ययन अवधि ५ वर्ष (जापानको जुनियर हाई स्कूलबाट पास भएका विद्यार्थीहरुका लागि) हुन्छ तर जापानको विद्यालय व्यवस्था अनुसारको कक्षा ११ पूरा गरेका (उच्च माध्यमिक विद्यालय दोश्रो वर्ष) अन्तर्राष्ट्रिय विद्यार्थीहरुले भने सिधै तेश्रो वर्षमा (उच्च माध्यमिक विद्यालय तेश्रो वर्ष सरह) प्रवेश पाउन सक्छन् । अध्ययन पूरा गरेपछि "एसोसिएट डिग्रि"को उपाधि प्रदान गरिन्छ ।

## 06 ▶ व्यवसायिक प्रशिक्षण कलेज (भोकेसनल कलेज)मा भर्ना हुन आवश्यक प्रावधान के हुन् ?

जापानमा साधारणतया व्यावसायिक प्रशिक्षण प्रदान गर्ने कलेजलाइ नै व्यवसायिक प्रशिक्षण कलेजको रुपमा लिइन्छ । यस तहको अध्ययन अवधि भने पाठ्यक्रमको छनौटका आधारमा १ वर्ष देखि ४ वर्षसम्म हुन सक्छ तर धेरै जसो पाठ्यक्रम भने २ वर्षे अवधिको रहेको छ । शिक्षा, संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा (सार्वजनिक सुचना जारी गरि) स्वीकृत गरेका, २ वा ३ वर्षे पाठ्यक्रमको अध्ययन अवधि पूरा गरेमा "डिप्लोमा" को उपाधि दिइन्छ । त्यसै गरि चार वर्षे पाठ्यक्रमको अध्ययन पूरा गरेमा "उच्च दक्ष विशेषज्ञ (एड्भान्स्ड डिप्लोमा)" को उपाधि प्रदान गरिन्छ । यस व्यावसायिक प्रशिक्षण कलेजको उद्देश्य- व्यक्तिको दैनिक जीवन र पेशामा आवश्यक पर्ने सीप र ज्ञान प्रदान गर्नु हो ।

यस अन्तर्गत आठ अध्ययन क्षेत्रहरु समावेश गरिएका छन् -इन्जिनियरिङ्ग, कृषि, चिकित्सा, स्वास्थ्य तथा सरसफाई, शिक्षा तथा सामाजिक कल्यान, वाणिज्य तथा ब्यापार, फेसन तथा गृहविज्ञान, संस्कृति तथा शिक्षण रहेका छन् ।

यस तहमा भर्ना हुन कक्षा १२ सम्मको विद्यालय अध्ययन पूरा गरेको हुनु पर्दछ । यदि पूरा नभएको अवस्थामा तयारी शैक्षिक पाठ्यक्रम पूरा गर्नुपर्ने वा मान्यता प्राप्त प्रशिक्षण संस्थानबाट अनुमोदित पाठ्यक्रम पूरा गर्नु आवश्यक हुन्छ । त्यसै गरी व्यक्ति विशेष प्रवेश परीक्षाद्धारा कक्षा १२ वा सो भन्दा माथिको शैक्षिक योग्यता प्रमाणित भइ १८ वर्ष उमेर पूरा भएका व्यक्तिहरु पनि भर्नाका लागि योग्य हुन्छन् । जापानको शिक्षा, संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मन्त्रालयले मान्यता दिएका विदेशमा रहेको विद्यालयबाट कक्षा ११ वा सो भन्दा बढीको अध्ययन पूरा गरेका व्यक्तिहरु पनि यस तहमा भर्ना हुन योग्य छन् । भर्ना हुनको लागि प्रमाणपत्रको जांचका साथै प्रवेश परीक्षाको पनि व्यवस्था गरिएको छ जस अन्तर्गत जापानी भाषा प्रवीणता परीक्षा र अन्तर्वार्ता पनि समावेशित हुन सक्छन् ।

त्यसै गरी यस तहमा भर्ना हुनका लागि जापानी भाषा प्रवीणताको प्रमाण अनुरुप निम्नलिखित अवस्थाहरु मध्ये कुनै एक पूरा गरेको हुनु पर्नेछ ।

| | |
|---|---|
| 1 | जापानी भाषा प्रवीणता परीक्षा (JLPT) को N1 वा N2 तह पास गरेको |
| 2 | अन्तर्राष्ट्रिय विद्यार्थीहरुका लागि जापानको विश्वविद्यालयमा प्रवेशको लागि परीक्षा (EJU) मा कम्तिमा २०० अंक प्राप्त गरेको |
| 3 | जापान खान्जि प्रवीणता परीक्षण फाउन्डेशनद्वारा सञ्चालित व्यवसायिक जापानी भाषा प्रवीणता परीक्षा (BJT)को JLRT (सुन्ने, पढ्ने सीपको परीक्षण (लेख्ने सीपको परीक्षण) मा कम्तिमा ४०० अंक प्राप्त गरेको |
| 4 | मान्यता प्राप्त जापानी भाषा शिक्षण संस्था अथवा न्याय मन्त्रालयले घोषणा गरेको जापानी भाषा शिक्षण संस्थामा १ वर्ष भन्दा बढी जापानी भाषाको अध्ययन गर्नुका साथै कलेज प्रवेशका लागि कलेजले आयोजना गर्ने प्रवेश परीक्षाको जापानी भाषाको परीक्षणमा JLPT को N2 तह वा सो भन्दा माथि सरहको योग्यता प्रर्दशन गरेको |
| 5 | जापानको प्राथमिक, निम्नमाध्यामिक या माध्यामिक विद्यालयमा कम्तिमा १ वर्ष अध्ययन गर्नुका साथै कलेज प्रवेशका लागि कलेजले आयोजना गर्ने प्रवेश परीक्षाको जापानी भाषाको परीक्षणमा JLPTको N2 तह वा सो भन्दा माथि सरहको योग्यता प्रर्दशन गरेको |

## 07 ▶ अन्तर्राष्ट्रिय विद्यार्थीहरुका लागि छात्रवृत्तिको कस्तो व्यावस्था रहेको छ ?

जापान विद्यार्थी सेवा संगठन (JASSO) ले निजी खर्चमा अध्ययन गर्न जापान प्रवेश गरेका अन्तर्राष्ट्रिय विद्यार्थीका लागि "अन्तर्राष्ट्रिय विद्यार्थी प्रबर्धन कार्यक्रम अन्तर्गत- शिक्षा, संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मंत्रालयको अन्तर्राष्ट्रिय विद्यार्थी प्रोत्साहन छात्रवृत्ति" को व्यवस्था रहेको छ । यो छात्रवृत्ति, पढाईमा राम्रो प्रदर्शन गरेका, राम्रो चारित्रिक रेकर्ड भएका तर आर्थिक स्थिति कमजोर भएका अन्तर्राष्ट्रिय विद्यार्थीहरुलाई लक्षित गरिएको छ । छात्रवृत्तिको लागि योग्य हुन छात्रवृत्तिको निवेदन संगै अध्ययन प्रतिवेदन पनि बुझाउनु पर्छ ।

यस अतिरिक्त, जापान विद्यार्थी सेवा संगठन (JASSO) ले अन्तर्राष्ट्रिय विद्यार्थीहरुका लागि जापानको विश्वविद्यालयमा प्रवेशको लागि परीक्षा (EJU) मा उत्कृष्ट अंक ल्याउने (आफ्नो निजी लगानिमा अध्ययन गर्न आएका विद्यार्थीहरु मात्र) का लागि छुट्टै छात्रवृत्तिको व्यवस्था गरेको छ । यस छात्रवृत्तिका लागि योग्य हुन अन्तर्राष्ट्रिय विद्यार्थीहरु जापान प्रवेश अगावै जापानको विश्वविद्यालय वा सो सरहको शैक्षिक संस्थामा भर्ना प्रकिया पूरा गरेको हुनु पर्नेछ । विभिन्न स्थानिय प्रशासनिक निकाय तथा निजी क्षेत्रका संस्थाहरुबाट पनि अन्तर्राष्ट्रिय विद्यार्थीहरुका लागि विभिन्न छात्रवृत्तिको व्यवस्था गरिएको छ । छात्रवृत्तिको व्यवस्था भएपनि सबै अन्तर्राष्ट्रिय विद्यार्थीहरुले छात्रवृत्ति पाउँछन् भन्ने जरुरी छैन । त्यसैले जापान आउनु अघि जापानमा रहनजेलको लागि आवश्यक खर्च व्यवस्थापनको योजना तथा तयारी गर्नु आवश्यक छ ।

# 08 जापानमा रोजगारी (काम) गर्न सकिन्छ ?

जापानमा अध्ययन पूरा गरेपछि, प्राप्त गर्नु भएको व्यवसायिक ज्ञान तथा सीपको उपयोग गरी जापानको विभिन्न संघ संस्थामा रोजगारी पाउन सकिन्छ । तर यसको अर्थ विदेशी नागरिकहरु उपलब्ध सबै खालको पेशामा संलग्न हुन पाउँछन् भन्ने जरुरी छैन ।

जापानको कम्पनीहरुमा “जापानी भाषाको ज्ञान”, “जापानी संस्कृतिमा घुलमिल हुन सक्ने क्षमता” र “विश्वविद्यालय तथा व्यवसायिक प्रशिक्षण संस्थाबाट आवश्यक ज्ञान, सीप र योग्यता प्राप्त गरेको” आधारमा काम दिइन्छ । रोजगारीमा संलग्न हुन अन्तर्राष्ट्रिय विद्यार्थीहरुले स्थानीय अध्यागमन विभागमा गई विद्यार्थी भिषाबाट रोजगारका लागि आवश्यक भिषामा परिवर्तन गर्न जरुरी छ ।

रोजगारको लागि वर्गिकरण गरिएका विभिन्न योग्यताहरु मध्ये पनि “Engineer/Technical Expert/ Specialist in Humanities/ International Services”ले मुख्य स्थान ओगटेको छ । यस क्षेत्रमा काम गर्न प्राविधिक, मानविकी, तथा अन्तर्राष्ट्रिय संस्कृति/सेवासंग सम्बन्धित ज्ञान र दक्षता आदि आवश्यक पर्दछ । यस बाहेक थप अन्य वर्गहरु जस्तै “बिजिनेस म्यानेजर”, “इन्स्ट्रक्टर,” “केयर वर्कर,” “स्किल्ड लेबर” अन्तर्गतका रोजगारहरु पनि उपलब्ध छन् । यी रोजगारमा संलग्न हुन पनि विशिष्ट सीप, ज्ञान वा अनुभवको उत्तिकै आवश्यक पर्दछ ।

अध्ययन पुरा हुने अवधि सम्ममा पनि रोजगारीको टुङ्गो नलागेमा विश्वविद्यालय (स्नातक, स्नाकोत्तर तह), प्राविधिक विद्यालयको (“डिप्लोमा”/“एड्भान्स्ड डिप्लोमा”को डिग्री प्राप्त गरेका) अध्ययन पुरा गरेका विद्यार्थीहरुले भने अध्यागमन विभागबाट विद्यार्थी भिषाबाट “स्वीकृति प्राप्त गतिविधि (रोजगारको खोजी)”मा भिषा परिवर्तन गरी, काम खोज्नको लागि १ वर्षसम्म (६ महिना + ६ महिना(म्याद थप)) को भिषा अवधिको म्याद थप गर्न सकिन्छ ।

थप गरिएको १ वर्षमा पनि काम नपाइएमा, अर्को १ वर्ष (६ महिना + ६ महिना(म्याद थप)) भिषाको म्याद थप गर्न सकिन्छ तर यसका लागि भने क्षेत्रीय सार्वजनिक संगठनद्वारा संचालन गरिने रोजगारमूलक गतिविधिहरुमा सहभागिता जनाएको हुनु आवश्यक छ ।

**अन्तर्राष्ट्रिय विद्यार्थीहरुसँग सम्बन्धित मुख्य कार्य भिषा**

| भिषाको प्रकार | विवरण | आवास अवधि |
|---|---|---|
| **Engineer/Specialist in humanities/ International services** (इन्जिनियरर विशेषज्ञरअन्तर्राष्ट्रिय सेवाहरु) | मानविकी क्षेत्रका विशेष सेवाहरु जस्तै अनुवाद, डिजाइन, अन्तर्राष्ट्रिय व्यापार, मानव संसाधन, लोजिस्टिक (रसद), मार्केटिङ आदि । प्राकृतिक विज्ञानसम्बन्धि विशेष सेवाहरु जस्तै मेसिनरी, सूचना प्रविधि (IT), डिजाइन आदि | ५ वर्ष, ३ वर्ष, १ वर्ष, ३ महिना |
| **Nursing care** (केयर वर्क) | केयर वर्कर | |
| **Medical services** (चिकित्सा सेवाहरु) | नर्स, दन्तचिकित्सक, भौतिक चिकित्सक (Physical therapist), व्यवसायिक चिकित्कस (Occupational therapist), मेडिकल रेडियोलोजिस्ट | |
| **Business manager** (बिजिनेस म्यानेजर) | कम्पनी स्थापना गर्दा र व्यवसाय सञ्चालान गर्दा (निम्न सर्त लागू हुनेछन्: ५० लाख येन वा सोभन्दा बढीको पूँजी) | ५ वर्ष, ३ वर्ष, १ वर्ष, ६ महिना, ४ महिना वा ३ महिना |
| **Specified Skilled Worker** (विशिष्ट सीप भएका कामदार) | यस क्षेत्रमा १६ किसिमका कार्यक्षेत्रहरु समावेश गरिएका छन् । ती मध्ये केहि क्षेत्रहरु निम्नलिखित छन्: केयर वर्कर, भवन सफाइ, निर्माण, गाडि मर्मत, आवास, कृषि, खाद्य उद्योग आदि ।<br>* विशिष्ट सीप भएका कामदार (नं.२) अर्न्तगत ११ कार्यक्षेत्रहरु समावेश छन् । | नं.१: प्रत्येक १ वर्ष/६ महिना/४ महिनामा नवीकरण (५ वर्ष सम्म) नं.२: प्रत्येक ३ वर्ष/१ वर्ष/६ महिनामा नवीकरण (नवीकरणको सिमा तोकिएको छैन) |
| **Specified activities** (निर्दिष्ट गतिविधिहरु) | विश्वविद्यालय/व्यसायिक विद्यालयबाट पास भएपछि काम खोज्नका लागि दिइने अवधि | ६ महिना + ६ महिना म्याद थप (जम्मा १ वर्ष) |
| | विदेशमा जापानी खाद्य संस्कृतिको प्रवर्धन गर्न तयार गरिएको प्रशिक्षण कार्यक्रम (जापानी खाना, मिठाई, रोटी बनाउने आदि) | ५ वर्ष, ३ वर्ष, १ वर्ष, ३ महिना अथवा न्याय मन्त्रालयले व्यक्तिगत रुपमा तोकेको अवधि अनुसार (५ वर्षभन्दा बढी नहुने गरी) |
| | विदेशी नागरिकका (hairdresser रहेका) लागि hairdresser प्रशिक्षण कार्यक्रम, राष्ट्रिय रणनीतिक विशेष क्षेत्र (टोक्यो) | |
| | निर्दिष्ट गतिविधि नं ४६ (जापानी भाषा प्रवीणता)<br>जापानी भाषा प्रवीणता परीक्षा (JLPT) N1 पास गरेको, जापानी भाषको डिप्लोमा गरेको | |

# III. जापानमा विदेशीहरुको लागि बसोबासको स्थिति कस्तो छ ?

## 01 निवास कार्ड (Residence card) के हो ?

जापानमा विगतको विदेशी दर्ता प्रणालीलाई प्रतिस्थापन गर्दै सन् २०१२ को जुलाई ९ तारिख देखि नयां आवासीय व्यवस्थापन प्रणाली लागु भएको छ । फलस्वरुप, “निवास कार्ड” जारी गर्न थालिएको छ ।

मध्यम तथा लामो अवधि (३ महिना भन्दा बढी) का लागि जापानमा बसोबास गर्ने विदेशीहरुको लागि “निवास कार्ड” जारी गर्ने व्यवस्था गरिएको छ । आवासको अनुमति, आवासीय हैसियतको परिवतन गर्ने बेला र भिषाको म्याद थप गर्दा “निवास कार्ड” जारी गर्ने गरिन्छ । ३ महिना भन्दा कमको भ्रमण योजना भएका वा अस्थायी भिषा भएका (अस्थायी भ्रमण भिषा, कुटनैटिक भिषा, तथा आधिकारिक अनुमति प्राप्त) विदेशी नागरिकलाई भने यो व्यवस्था लागु हुँदैन । विदेशी नागरिकले यो कार्ड सधैं साथमा लिनु पर्छ ।

कार्ड जारी गरिएको व्यक्ति विद्यार्थी भएमा, १६ वर्ष वा बढी उमेर पुगेका विद्यार्थीको हकमा जारी गरिएको “निवास कार्ड” को म्याद भिषाको अवधि सम्मकै हुन्छ । भिषाको म्याद थप भएमा वा आवासीय हैसियत परिवर्तन भएमा, नयाँ निवास कार्ड जारी गरिन्छ ।


पहिलो पटक जापान प्रवेश गर्ने मध्यम तथा लामो समयावधि जापानमा बसोबास गर्ने योजना भएका विदेशी नागरिकको हकमा- प्रवेश बिन्दुको विमानस्थल पहिचान हुने गरी राहदानीमा अवतरण प्रमाणिकरणको छाप लगाउनुका साथै “निवास कार्ड” जारी गरिने व्यवस्था गरिएको छ । यो व्यवस्था हाल नारीता, हानेदा, चुबु, कन्साई, न्यू चितोसे, हिरोसिमा र फुकुओका विमानस्थलमा मात्रै सीमित रहेको छ । उल्लेखित विमानस्थल बाहेकका प्रवेश बिन्दुबाट पहिलो पटक जापान प्रवेश गर्ने विदेशी नागरिकको हकमा भने अवतरण प्रमाणिकरणका साथै “केही समयपछि निवास कार्ड उपलब्ध गराइनेछ” भन्ने विवरण उल्लेखित छाप राहदानी (पासपोर्ट)मा लगाउने गरिएको छ । यस्तो अवस्थामा, मध्यम तथा लामो अवधिको आवासीय भिषा भएका विदेशी नागरिकले आफु नजिकैको नगरपालिका कार्यालयमा गई आवश्यक आवासीय प्रक्रिया पूरा गरेपछि “निवास कार्ड” प्राप्त गर्छन् । साधारणतया, निवास कार्ड, क्षेत्रीय अध्यागमन सेवा बाट तपाईले दर्ता गराउनु भएको ठेगानामा हुलाक मार्फत पठाइन्छ ।)

जापानको प्रवेश विन्दुको विमानस्थलमा स्थित अध्यागमनबाट “निवास कार्ड” प्राप्त गरेका विदेशी नागरिकहरुले भने आफ्नो ठेगाना निर्धारण भएको १४ दिन भित्र “निवास कार्ड” साथमा लिइ नजिकैको स्थानीय नगरपालिका कार्यालयका अध्यागमन सेवा एजेन्सिका सचिवलाई आफ्नो ठेगानाको जानकारी गराउनु पर्दछ ।

“निवास कार्ड” सम्बन्धि थप जानकारीका लागि जापानको अध्यागमन सेवा एजेन्सिको आधिकारिक वेबसाइट हेर्न सक्नुहुन्छ ।

https://www.moj.go.jp/isa/applications/faq/newimmiact_4_point.html

### आवासीय व्यवस्थापन प्रणालीको प्रक्रियागत प्रवाह




**प्रवेश/प्रस्थान विन्दुमा**

- **अध्यागमन जाँच**
  - **प्रवेश बिन्दुको विमानस्थलमा मध्यम तथा लामो समयावधि जापानमा बसोबास गर्ने योजना भएका विदेशी नागरिकको हकमा अवतरण प्रमाणिकरणको छापकासाथै “निवास कार्ड” जारी गरिने व्यवस्था गरिएको छ ।**
  - “निवास कार्ड” जारी गरीने व्यवस्था हाल नारीता, हानेदा, चुबु, कन्साई, न्यू चितोसे, हिरोसिमा र फुकुओका विमानस्थलमा मात्रै सीमित छ ।

**नगरपालिका कार्यालयहरुमा**

- **बासस्थान परिवर्तन भएको जानकारी**

**क्षेत्रीय अध्यागमन सेवा कार्यालयमा**

- **ठेगाना बाहेकका कुराहरुमा परिवर्तन भएको जानकारी**

| | |
|---|---|
| नाम, जन्ममिति, लिङ्ग, राष्ट्रियता/धर्म आदिको परिवर्तनको जानकारी | |
| निवास कार्डको म्याद परिवर्तन गर्न निवेदन | थायी निवासी, Higly-Skilled Professional (ii) (उच्चस्तरीय सीप र दक्षता, वर्ग २ मा दर्ता भएका निवासी) र १६ वर्षमुनिका व्यक्तिहरुको हकमा |
| निवास कार्ड पुन:जारी गर्न निवेदन | निवास कार्ड हराएको, चोरी भएको, क्षति पुगेको अवस्थामा |
| आफु संलग्न संघ संस्था वा वैवाहिक स्थितिको बारेमा जानकारी※ | रोजगार भिषा प्राप्त गरेका व्यक्तिहरु वा विद्यार्थीहरु वा वैवाहिक स्थितिमा परिवर्तन भएको अवस्थामा |

※कुनै संस्थासंगको आवद्धता अवधि, वैवाहिक स्थितिको बारेमा जानकारी गराउन इन्टरनेटको प्रयोग गर्न सक्नुहुन्छ ।
[अध्यागमन सेवा एजेन्सिका इलेक्ट्रोनिक सूचना प्रणाली]
https://www.moj.go.jp/isa/applications/online/i-ens_index.html

- **आवासीय हैसियतको जाँच**
  - आवास अवधिको म्याद थप गर्दा र आवासीय हैसियतमा परिवर्तन गर्दा, मध्यम तथा लामो अवधि बसोबास गर्ने स्वीकृति प्राप्त विदेशी नागरिकहरुलाई निवास कार्ड जारी गरिन्छ ।

अध्यागमन सेवा एजेन्सिद्वारा तैयार पारिएको पम्फलेट “आप्रवास नियन्त्रण र आवासीय व्यवस्थापन प्रणाली २०२४” बाट साभार गरिएको)

## 02 ▶ जापानमा जिवनयापन गर्न कति खर्च चाहिन्छ ?

जापानमा विभिन्न क्षेत्र, बासस्थानको आधारमा मूल्यमा अन्तर भएको पाइन्छ। कान्तो क्षेत्र (इबाराकि, तोचिगी, गुन्मा, साइतामा, चिबा, टोकियो, र खानागावा क्षेत्र संलग्न छन्) मा बसोबास गर्न आवश्यक विभिन्न किसिमका खर्चको विवरणसहितको उदाहरण तल उल्लेख गरिएको छ।

**◆जिवनयापन गर्न चाहिने खर्च**

कान्तो क्षेत्रमा बसोबास गर्ने अन्तराष्ट्रिय विद्यार्थीहरुको दैनिक जिवनमा प्रयोगमा आउने सेवा सुविधा तथा उपभोग्य वस्तुहरुको मासिक औसत मूल्य (अध्ययन खर्च बाहेक) तल तालिकामा प्रस्तुत गरिएको छ।

| उपभोग्य वस्तु | खाद्य सामग्री | आवास तथा बिजुली/वत्ति/पानी आदि | विमा तथा उपचार | शौक तथा मनोरंजन | यातायात | विविध | जम्मा |
|---|---|---|---|---|---|---|---|
| मसिक औसत मूल्य | ३६,००० येन | ५९,००० येन | ३,००० येन | १०,००० येन | ६,००० येन | ९,००० येन | १२३,००० येन |

श्रोतः जापान विद्यार्थी सेवा संगठन -"निजी खर्चमा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीहरुको जिवनशैलीको सर्वेक्षण, २०२३ः बसोबास क्षेत्रको (कान्तो क्षेत्र) आधारमा बस्तुगत मासिक खर्चको वृस्तित विवरण"

तसर्थ माथि उल्लेखित जम्मा खर्च मा अध्ययन खर्च (५६,००० येन) जोड्दा, औसतमा मासिक झन्डै १७९,००० येन खर्च हुने अनुमान गरिएको छ।

**◆आवास खर्च**

आवास खर्च अन्तर्गत पनि विशेष गरि घर भाडा भने आवासको क्षेत्र अनुसार फरक पर्दछ। कान्तो क्षेत्र अन्तर्गतका निजी अपार्टमेन्ट, अन्तर्राष्ट्रिय विद्यार्थीहरुका लागि छात्रबास, सामान्य छात्रबासको औसत मासिक शुल्क कम्तिमा ४१,००० येन पर्दछ। यो जापानभरिमै सबैभन्दा महंगो शुल्क हो।

निजी अपार्टमेन्टको भाडाको दर सामान्यतया अरु भन्दा महंगो हुनुका साथै ग्यारेन्टरको पनि आवश्यकता पर्न सक्छ। जापानमा कोठा भाडामा लिँदा, सम्झौता पत्र हस्ताक्षर गर्नेबेला, घर भाडासंगै केहि महिनाको घरभाडा बराबरको रकम (धरौटि रकम, Key money, ग्यारेन्टर शुल्क आदि) पनि बुझाउनु पर्छ। कोठा भाडाको सम्झौता निश्चित अवधिको हुन्छ, त्यसैले सम्झौता नविकरण गर्ने समयमा नविकरण शुल्क तथा अन्य रकम तिर्नु पर्ने हुन सक्छ।

यदि तपाइ अध्ययनरत विद्यालय तपाइको ग्यारेन्टर बन्न तयार हुन्छ भने, "जापानमा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीहरुका लागि आवास विमा" को पनि व्यवस्था रहेको छ। थप जानकारीका लागि आफ्नो विद्यालयलाई सम्पर्क गर्नुहोला। हाल, थुप्रै घरजग्गा व्यवसायी, एजेन्सिहरुले ग्यारेन्टर आवश्यक नपर्ने अपार्टमेन्ट तथा कोठाहरु मिलाइदिन सक्ने भएकोले विभिन्न विकल्पहरु बुझ्नु जरुरी छ। यी जानकारी इन्टरनेट तथा अन्तर्राष्ट्रिय विद्यार्थीहरुलाई लक्षित पारेर तयार पारिएका पत्र-पत्रिकामा पनि उपलब्ध हुने हुनाले राम्ररी जाँचबुझ गर्नु उपयुक्त हुन्छ।

**◆दैनिक प्रयोगमा आउने उपभोग्य वस्तु तथा सेवासुविधाको लागत खर्च**

जापान भित्रै पनि, क्षेत्र अनुसार मूल्यमा अन्तर भएको पाइन्छ। टोकियोमा विभिन्न दैनिक उपभोग्य वस्तुहरु र सेवासुविधाको मूल्य तल तालिकामा प्रस्तुत गरिएको छ।
(श्रोतः सन् २०२५, जनवरी महिनाको "टोकियो महानगरीय तथ्यांक")

(प्रस्तुत गरिएका मूल्य, उपभोग्य वस्तुहरुमा लाग्ने कर समेत समावेश गरिएका मूल्य हुन्।)

| वस्तु | पानी, ढल व्यवस्थापन शुल्क १ महिना (२० $m^3$) | बिजुली शुल्क १ महिना | चामल (कोशिहिकारी बाहेक) ५ के.जी | पाउरोटी १ के.जी | खाने तेल १ बोतल १,००० ग्राम | पिठो १ के.जी | कुखुराको अण्डा १ पाकेट १० वटा |
|---|---|---|---|---|---|---|---|
| मूल्य | २,४७५ येन | १४,६०१ येन | ४,१८५ येन | ५२९ येन | ४१० येन | ३५४ येन | २७९ येन |
| खाजा (कुखुराको मासुको परिकार सहित) १ सेट | कपडा धुने डिटजेन्ट १ के.जी | ट्वाइलेट पेपर १,००० मिटर | रुघाको औषधि (सामान्य रुघा को लागि) १ बक्सा - ४४ क्यपस्युल | रुघाको औषधि (ज्वरो र दुखाइको लागि) (१ बक्सा - ४० ट्याब्लेट) | बस भाडा (सामान्य बस) १ पटक (७ किलोमिटर सम्म) | गेम सफ्टवेयर १ वटा | कारावके शुल्क १ जना |
| ५३४ येन | ४४२ येन | ७९५ येन | १,६४० येन | ७२२ येन | २२३ येन | ६,५३४ येन | १,१०८ येन |


## 03 ▶ के विद्यार्थीले पार्ट-टाइम काम गर्न पाउँछन् ?

अन्तर्राष्ट्रिय विद्यार्थीहरुले पढाई गर्दै पार्ट-टाइम काम पनि गर्न पाउने धारणा भएका व्यक्तिहरु धेरै संख्यामा रहेका छन् । तर यो विल्कुलै गलत हो ।

जापान सरकारले प्रदान गरेको अध्ययन भिषा अन्तर्गत पढ्ने प्रावधान मात्रै रहेको छ । अध्ययन भिषा अन्तगर्त स्वीकृत गतिविधिहरुमा रोजगारीमुलक गतिविधि तथा पार्ट-टाइम काम समावेश गरिएका छैनन् । त्यसैले पार्ट-टाइम काम (तर आफ्नो पढाईमा केहि बाधा नपर्ने गरी) गर्ने मनसाय भएका विद्यार्थीहरुले अध्यागमन सेवा एजेन्सिबाट अनुमति प्राप्त गर्नुपर्छ ।

पार्ट-टाइम काम गर्ने अनुमति प्राप्त गरेतापनि, कतिपय काम तथा रोजगारहरुमा संलग्न हुन निषेध गरिएको छ भने काम गर्न पाउने समयावधि पनि निश्चित गरिएको छ - **हप्ताको २८ घण्टासम्म (विद्यालयको नियमानुसार लामो छुट्टि तोकेको अवधिमा भने दिनको ८ घण्टासम्म)**। यी नियमहरुको पालना गर्नु जरुरी छ। अध्ययन भिषा अवधिमा काम तथा रोजगारलाई प्रमुख गतिविधि बनाउनु अवैध मानिन्छ ।

**( कार्डको पछाडी )**




यदि कुनै विदेशी नागरिकले आफ्नो स्वीकृत आवासीय हैसियत भन्दा बाहिरको गतिविधिमा संलग्न हुने अनुमति प्राप्त गर्छ भने, त्यस्ता स्वीकृत गतिविधिहरुको विवरण यो भागमा उल्लेख गरिन्छ ।

*अनलाइन आवेदन दिएको हकमा भने, पहिले प्रदान गरिएको आवासीय हैसियत भन्दा बाहिरको गतिविधिमा संलग्न हुने अनुमति जारी गरिन्छ ।

* कामको प्रति घण्टाको पारिश्रमिक दर ठाउँ/क्षेत्र अनुसार फरक पर्दछ । सन् २०२४ मा टोकियोको प्रति घण्टाको न्यूनतम पारिश्रमिक १,१६३ येन रहेको थियो (अक्टोबर १, २०२४ मा संशोधन गरिएको) । यो रकमलाई आधार बनाइ पार्ट-टाइम कामका शर्तहरु र प्रावधानहरुलाई ध्यानमा राखेर हिसाब गर्ने हो भने, एक महिनाको पारिश्रमिक लगभग १,१६३ येन x २८ घण्टा =३२,५६४ येन (१ हप्तामा) x ४ हप्ता =१३०,२५६ येन हुन आउँछ । तथापि, जापान विद्यार्थी सहयोग संगठनद्वारा गरिएको अन्तर्राष्ट्रिय विद्यार्थीहरुको औसत मासिक पारिश्रमिकको सर्वेक्षण (सन् २०२३) अनुसार जाापानमा उच्च शिक्षण संस्थामा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीहरुको पार्ट-टाइम कामबाट आर्जन हुने औसत मासिक आय ५४,००० येन भएको पाइयो भने जापानी भाषा शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरुको औसत मासिक आय भने ७६,००० येन भएको पाइयो । यसबाट भर्ना भएको संस्थाको किसिम र अध्ययन विषय अनुसार विद्यार्थीहरुले काममा बिताउने समयमा अन्तर भएको कुरा देखाउँछ ।

* वास्तवमा, पार्ट-टाइम कामबाट भएको आयले मात्रै सबै लागत खर्च उठाउनु धेरै गाह्रो छ । तर हालका धेरै जसो अन्तर्राष्ट्रिय विद्यार्थीहरुभने जापानमा गई विद्यालयको र जिवनयापन गर्ने खर्च आफैले कमाएर धान्न सक्ने धारणा बोकेर जापान प्रवेश गर्ने गरेको पाइएको छ । जसको कारण थुप्रै विद्यार्थीहरु जापान प्रवेश गरेपछि काम र अध्ययनमा सन्तुलन गर्न नसकि आफ्नो देश फर्कनु परेको उदाहरण पनि थुप्रै छन् । हालैका वर्षहरुमा "सजिलै पैसा कमाउन सकिने पार्ट-टाइम काम"का नाममा जालि तथा चोरी गरिएका केडिट कार्डहरु प्रयोग गर्ने जस्ता विभिन्न आपराधिक क्रियाकलापहरुमा जापान आएको धेरै समय नभएका अन्तर्राष्ट्रिय विद्यार्थीहरुलाइ उनिहरुकै देशका अरु व्यक्तिहरुले प्रयोग गर्ने घटनाहरु बढिरहेको रहेको हुनाले SNS का माध्यमबाट पार्ट-टाइम काम आदि खोज्ने कममा अत्यन्त सावधानी अपनाउनु जरुरी छ । **त्यसैले वैदेशिक अध्ययनको योजना बनाउंदा पार्ट-टाइम काम र आर्यआर्जनले सबै व्यवस्था गर्न सकिने मनसाय र आशमा भर पर्नुको सट्टा वास्तविकता र सबै तथ्यहरुमा आधारित रहेरमा मात्रै अघि बढौं ।**

### पार्ट-टाइम काम अन्तर्गत निषेधित कार्य तथा कार्यस्थल

**१. मनोरंजन तथा यौन व्यवसाय लगायतका काममा संलग्न हुनु कडा रुपमा निषेधित गरिएको छ**

क्याबरे, क्याफे, नाईटक्लव, डान्स हल, बारहरु (जहाँ ग्राहकहको मनोरंजन गर्ने र रक्सी दिने काम हुन्छ), पाचिन्को , गेम सेन्टर, मसाज पार्लर, मोटल, लव होटल, एडल्ट सप, अश्लील किताव विकि पसल, यौन व्यवसाय, अश्लील भिडियोहरु विकि गरिने पसल, इन्टरनेटको माध्यमबाट अश्लील चित्रहरु उपलब्ध गराउने व्यवसाय, टेलिफोन क्लव, फोन डेटिंग, सन्देश पठाएर डेटिंग प्रस्ताव गर्ने सेवा तथा व्यवसाय आदि

**२. स्न्याक बार, कफी पसल, रेष्टुरेन्ट आदिमा तल उल्लेखित कामहरु भएमा निषेधित गरिएको छ ।**

१.महिलाद्वारा ग्राहकहरुको मनोरंजन गरिने ठाउँ
२.अंध्यारो ठाउँ (प्रकाशको मात्रा १० लक्स भन्दा कम भएमा)
३.धेरै साँघुरो ठाउँहरु (बस्ने सीटहरु बिचको दुरी ५वर्ग मिटरभन्दा कम भएको) र सजिलै वरिपरि हेर्न नसकिने ठाउँ

माथि उल्लेखित ठाउंमा काम नगरेतापनि, यस्ता काम सम्बन्धि पर्चा, पम्फलेट र पोष्टर बाड्ने तथा निषेधित क्षेत्रको (माथि उल्लेखित १, २ जस्ता ठाउंहरु) सरसफाइ गर्ने कामहरु समेत निषेधित गरिएका छन् ।

## 04 ▸ बिजुली, ग्यास, पानी तथा टेलिफोन सेवाको प्रयोग गर्न के कस्ता प्रक्रिया पूरा गर्नु पर्छ ?

जपानमा दैनिक जिवनयापनका लागि अत्यावश्यक साधनका रुपमा बिजुली, ग्यास, पानी र टेलिफोन जस्ता सेवासुविधाहरुको व्यवस्था रहेको छ ।

जापानमा घर/कोठा भाडामा लिने बेला, हरेक सुविधाका लागि व्यक्तिगत रुपमा छुट्टै सम्झौता गरी प्रक्रिया पूरा गर्नुपर्छ । यी सेवाको शुल्क घरभाडामा समावेश नगरिने हुनाले, घर भाडामा लिने व्यक्तिले नै सबै शुल्क तिर्नु पर्ने हुन्छ । समयमा शुल्कहरु भुक्तान नगरेको अवस्थामा यी सेवा सुविधाहरु काटिने सम्भावना पनि छ, त्यसकारण यी कुराहरुमा ध्यान दिनु जरुरी हुन्छ ।

जापानको धारामा आउने पानी सिधै पिउन योग्य छ र यसलाई शुद्धिकरण गर्नु जरुरी छैन । विदेशबाट ल्याइएका केहि विद्युतीय सामानहरु जापानको मापदण्डभन्दा फरक भएमा प्रयोग गर्न नसकिने सम्भावना रहेको हुनाले विचार पुऱ्याउनु होला ।

## 05 ▸ फोहोर फाल्ने व्यवस्था कस्तो रहेको छ ? (फोहोर व्यवस्थापन तथा रिसाइकल)



जापानमा फोहोर व्यवस्थापन गर्ने तरीका बसोबासको ठाउं अनुसार फरक फरक छ । फोहोर फाल्दा आफू बसोबास गर्ने ठाउंको स्थानीय नियमको पालना गर्नु अत्यन्त जरुरी छ । यदि तपाईले फोहर व्यवस्थापनको नियमको अनुसरण गर्नु भएन भने छिमेकिसंग विवाद पनि पर्न सक्छ । फोहोर फाल्नु अघि कृपया तपाईसंग भएको फोहोरको प्रकृति अनुसार वर्गिकरण गर्नुहोस् । उदाहरणको लागि तपाईले आफुसंग भएको फोहोर जल्ने र नजल्ने गरी दुइ वर्गमा विभाजन गर्न सक्नु हुन्छ । वर्गिकरण गरीसकेपछि नजिकै रहेको तोकिएको फोहोर संकलन बिन्दु (वा तोकिएको स्थानमा), तोकिएको दिन र समय अनुसार राख्नु पर्छ ।

फर्निचर तथा कम्बल जस्ता धेरै ठूला वस्तुहरु हटाउन भने तपाइ बस्ने ठाउँको महानगरपालिका वा नगरपालिकाले निर्धारण गरेको स्थानिय प्रक्रियाहरु अवलम्वन गर्नु पर्छ ।

## 06 ▸ आपतकालीन अवस्थामा के गर्ने ?



अकस्मात केही घटना घटेमा, जस्तै आगलागी, दुर्घटना वा आपराधिक घटना, अचानक बिरामी परि तत्काल एम्बुलेन्स डाक्नु परेमा, नआत्तिकन तल उल्लेखित टेलिफोन नम्बरहरुमा सहयोगको लागि सम्पर्क गर्नु होला ।

विपद (जस्तै भूकम्प आदि) आइलाग्ने बेलाको लागि पनि आवश्यक तयारी गर्नु जरुरी छ । भूकम्पको विपद व्यवस्थापन तयारी स्वरुप आफूले प्रयोग गर्ने फर्नीचरहरु पर्खाल/भुइंमा बलियो गरी नखस्ने गरी जडान गर्ने, आपतकालीन अवस्थामा प्रयोगमा आउने सामानहरु तयारी अवस्थामा राख्ने र विपदको बेला जम्मा हुने सुरक्षित स्थानको जानकारी राख्ने । यदि भूकम्प आइहालेमा नआत्तिकन सुरक्षित स्थानमा जाने प्रयास गर्नुपर्छ ।

आपतकालिन अवस्था आइलागेको बेला तुरुन्तै लिएर बाहिर निस्कन सकिने गरी निम्नलिखित वस्तुहरु एउटा व्यागमा राखी पूर्वतयारी गरौं ।

खाद्य सामाग्री (बट्टामा प्याक गरिएका खाने कुराहरु, बट्टा खोल्ने ओपनर, रिटार्ट फुड), पेय पदार्थ, सलाई, लाईटर, औषधी, महत्वपूर्ण सामग्री (जस्तैः पासबुक, छाप, नगद, स्वास्थ विमा कार्ड, निवास कार्ड, व्यक्तिगत नम्बर कार्ड, राहदानी (पासपोर्ट)), टर्च लाईट, मोवाईल फोन, रेडियो र ड्राइसेल व्याट्रीहरु ।

| आपतकालीन अवस्था | सम्पर्क ठेगाना | टेलिफोन नम्बर |
|---|---|---|
| **आगलागी, उद्धार, एम्बुलेन्स** | अग्नि नियन्त्रण कार्यालय | ११९ (२४ घण्टा निशुल्क) |
| **घटना / दुर्घटना** | प्रहरी चौकी | ११० (२४ घण्टा निशुल्क) |

## 07 ▸ जापानको स्वास्थ्य बिमा तथा पेन्शन योजनामा सहभागि हुनु आवश्यक छ ?

जापानमा सुविधासम्पन्न र अत्याधुनिक औषधोपचारको व्यवस्था त छ तर अत्यन्तै महंगो पनि छ । त्यसैले जापानको स्वास्थ्य बिमा प्रणाली अन्तर्गत जापानमा बसोबास गर्ने जापानी तथा विदेशी नागरिक (३ महिना भन्दा बढीको आवास अवधि भएको र निवासीको रुपमा अनुमति प्राप्त गरेको) सबै कुनै न कुनै स्वास्थ्य बिमा योजनामा दर्ता भएको हुनुपर्छ ।  जापानमा दुई प्रकारका सार्वजनिक स्वास्थ्य बिमा रहेका छन् : राष्ट्रिय स्वास्थ्य बिमा र कर्मचारीहरुको स्वास्थ्य बिमा ।

प्रायः कम्पनी तथा कार्यालयमा काम नगर्ने- स्वरोजगार व्यक्तिहरुका लागि आरक्षित गरिएको विमा नै राष्ट्रिय स्वास्थ्य विमा हो । जापानमा अध्ययनरत अन्तराष्ट्रिय विद्यार्थीहरु पनि यस बिमा योजनामा अनिवार्य रुपमा सहभागी हुनुपर्छ । यदि तपाईले आफ्नो नाम राष्ट्रिय स्वास्थ्य बिमा दर्ता गराउनु भयो भने, बिमामा सुविधाको प्रावधान रहेको रोग वा चोटपटक लागेको अवस्थामा, उपचारको लागत खर्चको ३०% आफूले बेहोर्नु पर्छ ।

यसका साथै, जापानमा बसोबास गरी निवास दर्ता गराएका २० वर्ष उमेरमाथिका वैदेशिक नागरिकहरु (अन्तर्राराष्ट्रिय विद्यार्थीहरु पनि), जापानको राष्ट्रिय पेन्शन सेवा योजनामा सहभागी भई नियम अनुसारको नियमित रकम भुक्तानि गर्नुपर्छ । तथापि, विद्यार्थीहरुको हकमा भने, आवेदन अनुसार पेन्शन कार्यक्रमा सहभागी जनाउनु नपर्ने विशेष प्रावधानको व्यवस्था पनि रहेको छ । पेन्शन योजना सम्बन्धि सम्पूर्ण प्रक्रियाहरु, तपाइले आफ्नो निवास दर्ता गराइ बसोबास गर्दै आउनु भएको नगरपालिकामा पूरा गरिन्छ ।

## 08 ▶ व्यक्तिगत नम्बर (माई नम्बर) के हो ?

माई नम्बर कार्ड (व्यक्तिगत नम्बर कार्ड)




जाप ानमा बसोबास गर्ने सबै जापानी तथा विदेशी नागरिकहरु (अन्तर्राराष्ट्रिय विद्यार्थी, ३ महिना भन्दा बढीको भिषा भएका मध्यम तथा लामो समयको आवास अनुमति प्राप्त गरेका विदेशी नागरिक)लाई वितरण गरिने १२ अंकको व्यक्तिगत दर्ता नम्बर नै " व्यक्तिगत नम्बर (माई नम्बर)" हो । " व्यक्तिगत नम्बर (माई नम्बर)" सामाजिक सुरक्षा, व्यवस्थित कर सुधार र विपद व्यवस्थापन तथा रोकथाम जस्ता क्षेत्रमा व्यक्तिगत तहको जानकारीको व्यवस्थापनका लागि प्रयोग गरिएको छ ।

निवास कार्ड जारी गरिएका अन्तर्राराष्ट्रिय विद्यार्थीहरुले जापान प्रवेशपछि बासस्थान निश्चित भएको १४ दिनभित्र वा बासस्थान परिवर्तन भएको स्थितिमा नगरपालिका कार्यालयलाई जानकारी गराउनु आवश्यक छ । आवास दर्ता पछि नगरपालिका कार्यालयले आवास दर्ता प्रमाणपत्र जारी गर्नुका साथै तपाइको दर्ता गरिएको ठेगानामा "व्यक्तिगत नम्बर सूचना कार्ड" पठाउँछ ।  "व्यक्तिगत नम्बर सूचना कार्ड"को उद्देश्य तपाइको व्यक्तिगत नम्बरको बारेमा जानकारी प्रदान गर्नु मात्रै हो, तसर्थ यसलाई " व्यक्तिगत नम्बर (माई नम्बर) कार्ड"को प्रमाण वा व्यक्तिको पहिचान वा परिचय पत्रको रुपमा भने प्रयोग गर्न सकिँदैन ।

"व्यक्तिगत नम्बर सूचना कार्ड" पाएपछि, तपाइले नगरपालिका कार्यालयमा गई "व्यक्तिगत नम्बर (माई नम्बर) कार्ड"को लागि आवेदन दिन सक्नुहुन्छ । "व्यक्तिगत नम्बर (माई नम्बर) कार्ड" प्लास्टिकले बनेको व्यक्तिको फोटो सहितको कार्ड हो । "व्यक्तिगत नम्बर कार्ड" मात्रैले व्यक्तिको "व्यक्तिगत नम्बर" र पहिचान प्रमाणित गर्ने परिचयपत्रको रुपमा काम गर्दछ ।

कुनै पनि व्यक्तिलाई एक पटक "व्यक्तिगत नम्बर" जारी गरेपछि, सो नम्बर सधैंका लागि एउटै रहन्छ, परिवर्तन हुँदैन । यदि तपाइ आफ्नो देश फर्कि, केहि वर्षपछि फेरी जापान आउनु भयो भने, तपाइको "व्यक्तिगत नम्बर" उहि रहनेछ । "व्यक्तिगत नम्बर" सँधै गोप्य र सुरक्षित राखिनु पर्छ । त्यसैगरि अरुको "व्यक्तिगत नम्बर" पनि आफुले लिने वा संगै राख्ने गर्नु हुँदैन ।

"व्यक्तिगर्त नम्बर" गोप्य र सुरक्षित राख्न जरुरी छ तर कानुनी प्रावधान अनुसार, छात्रवृत्तिको आवेदन दिन वा प्राप्त गर्न, पार्ट-टाइम कामको तलव तथा कर, बैंकमा विदेशबाट पैसा मगाउँदा वा पठाउँदा जस्ता प्रक्रियाहरुमा भने तपाइले आफ्नो "व्यक्तिगत नम्बर कार्ड" देखाउनु पर्ने हुन सक्छ ।

"व्यक्तिगत नम्बर कार्ड" हराएमा तुरुन्तै व्यक्तिगत नम्बर कार्ड कल सेन्टरमा सम्पर्क गरी, आफ्नो व्यक्तिगत नम्बर स्थगित गर्नुपर्दछ । त्यसपछि प्रहरी कार्यालयमा कार्ड हराएको उजुरी गरी, नगरपालिका कार्यालयमा पनि हराएको जानकारी गराइ, पुन:जारी गरिदिने आवेदन दिनु पर्दछ ।

विद्यालय भर्ना वा रोजगारको कारणले नयाँ ठेगानामा सर्नु परेमा, सरेको १४ दिन भित्र आवास परिवर्तनको जानकारी गराइ "व्यक्तिगत नम्बर कार्ड"मा पनि सो अनुसारको संशोधन गराउनु जरुरी छ । त्यसैगरि तपाइको निवास कार्डमा पनि संशोधन गराउनु आवश्यक छ । "व्यक्तिगत नम्बर कार्ड"को पनि म्याद (अन्तर्राष्ट्रिय विद्यार्थीको हकमा भने, भिषाको अवधि रहुन्जेल सम्मको लागि हुन्छ) निश्चित अवधिको लागि मात्र हुने हुँदा, म्याद सकिनु अघि समयमानै नवीकरणको प्रक्रिया पूरा गर्नु होला ।

*अबका दिनमा "व्यक्तिगत नम्बर कार्ड" र "निवास कार्ड" लाई एकीकृत गरी "विशिष्ट निवास कार्ड"को रुपमा जारी गर्ने योजना रहेको छ । यसको कार्यान्वयनको अवधि भने जुन २१, २०२४ का दिन देखि २ वर्ष भित्र लागु हुने गरी तोकिएको छ ।

<व्यक्तिगत नम्बर कार्ड सम्बन्धि विस्तृत साइट https://www.kojinbango-card.go.jp>

## 09 ▶ अध्ययन अवधिमा विदेशी विद्यार्थीले कस्ता प्रक्रियाहरु पुऱ्याउनु पर्दछ ?

जापानमा अध्ययन अवधिमा विभिन्न प्रक्रियाहरु पुऱ्याउनु पर्दछ । भिषाको नविकरण, अस्थायी रुपमा आफ्नो देशमा फर्कनको लागि पुनरागमन अनुमति र पार्ट-टाइम कामको लागि दिइने अनुमति बारेमा तल प्रस्तुत गरिएको छ । थप जानकारीका लागि नजिकैको अध्यागमन कार्यालयमा सम्पर्क गर्नुहोला ।

① भिषाको नविकरण

विद्यालयको अध्ययन अवधिमा भिषाको म्याद सकिने  अवस्थामा क्षेत्रीय अध्यागमन सेवा ब्युरोमा भिषा अवधिको म्याद थप र नविकरणका लागि निवेदन दिनु पर्दछ (म्याद सकिनु ३ महिना अगाडिनै निवेदन दिन सकिन्छ) । **यसको लागि अध्ययन गरिरहनु भएको विद्यालयको अध्ययनरत तहको नतिजा र हाजिर तथा जापानमा बसोबासको स्थितिलाइ निकै महत्वपूर्ण आधारको रुपमा लिइन्छ** । विद्यालयमा हाजिरको प्रतिशत कम हुने, तोकिएको समय भन्दा बढि काम गरेको पाइएमा, भिषाको म्याद थप नहुने संभावना धेरै भएको हुँदा यी कुरामा सतर्क हुन अत्यावश्यक छ । भिषा नविकरण नगरी जापानमा रहनुभएको अवस्थालाइ अवैध निवासको रुपमा लिइने हुँदा, कानुन उल्लङ्घन गरे बापत कडा सजायको भागिदार हुनुपर्दछ ।

②अस्थाइ रुपमा स्वदेश फर्कदा लिनु पर्ने पुनरागमन अनुमती

"विशेष पुनरागमन अनुमति" प्रणाली अन्तर्गत, वैध राहदानी र निवास कार्ड वाहक विदेशी नागरिक प्रस्थानको १ वर्ष भित्र जापानमा पुन:प्रवेश गर्ने अवस्थामा, पुनरागमन अनुमतिका लागि निवेदन दिनु पर्ने छैन । पुनरागमन अनुमति प्राप्त गर्न जापान छोड्नु अघि आफ्नो वैधानिक राहदानी र निवास कार्ड पेश गरी, आगमन तथा प्रस्थान कार्ड (ई.डी. कार्ड)मा अनुसुचि नं. १ मा रहेको "म अस्थायी रुपमा मात्र जापान छोड्दैछु र फेरि फर्किनेछु" भन्ने कोष्ठमा चिन्ह लगाउनु होला ।

"विशेष पुनरागमन अनुमति" प्राप्त गरी जापानबाट प्रस्थान गरेका विदेशी नागरिकहरुले विदेशमा रही म्याद थप गर्न सक्ने व्यवस्था छैन । पुनरागमन अनुमति अवधि एक वर्ष भन्दा वढी नहुने हुँदा, १ वर्षको समयावधि भित्र जापान फर्किन असफल हुने व्यक्तिहरुले जापानको आवासीय हैसियत गुमाउनेछन्, त्यसैले १ वर्षभन्दा बढि समयका लागि जापान छोड्नुपरेमा, जापानबाट प्रस्थान गर्नु अगावै पुनरागमन अनुमतिका लागि आवश्यक प्रक्रिया पूरा गर्नु पर्दछ । त्यसैगरी जापान छोडेको एक वर्ष अगाडि नै आवासीय हैसियतको म्याद समाप्त हुने भएमा, आवासीय अवधि सकिनु अगाडी नै जापान फर्कि, नविकरणको आवेदन दिइ सम्पूर्ण प्रक्रिया पूरा गर्नु पर्ने छ ।

जापान प्रवेशको प्रवेश बिन्दु नारिता, हानेदा, चुबु तथा कानसाइ विमानस्थल बाहेकका विमान्स्थल भइ, निवास कार्ड जारी नभएको समयावधिमा नै जापान बाहिर यात्रा गर्नु पर्ने अवस्थामा पनि विशेष पुनरागमन अनुमति प्राप्त गर्न सकिन्छ । तर आफ्नो राहदानी (पासपोर्ट)मा "केही समयपछि निवास कार्ड उपलब्ध गराइनेछ भन्ने विवरण उल्लेखि भएको कुरा भने सुनिश्चित गर्नु होला ।

https://www.moj.go.jp/isa/immigration/procedures/16-5.html

③आवासीय हैसियत अन्तर्गत स्वीकृत नगरिएका अतिरिक्त गतिविधि - पार्ट-टाइम काम गर्न चाहिने अनुमति

जापानमा अन्तर्राष्ट्रिय विद्यार्थीहरुले पार्ट-टाइम काम गर्न चाहेमा, क्षेत्रीय अध्यागमन सेवा ब्यूरोबाट विशेष अनुमति प्राप्त गर्नुपर्छ किनभने विद्यार्थीको आवासीय हैसियतमा, स्वीकृत गतिविधि अन्तर्गत काम तथा रोजगारमा संलग्न हुने गतिविधि समावेश गरिएको छैन । जापानको अध्यागमन कार्यालयबाट अनुमति नलिई काम गरेमा त्यसलाइ अवैध रुपमा काम गरेको मानिन्छ र फलस्वरुप दण्ड जरीवाना भोग्नु पर्ने हुनेछ ।

जापानको प्रवेश बिन्दुमा (निवास कार्ड जारी गर्ने विमानस्थलहरुमा सीमित) यदि तपाइले विद्यार्थी निवास कार्ड प्राप्त गर्नुभयो भने, त्यहि समयमा, पार्ट-टाइम काम गर्न पाउन, "आवासीय हैसियत अतिरिक्त गतिविधिमा संलग्न हुने अनुमति" का लागि पनि आवेदन दिन सक्नु हुनेछ ।

## 10 ▶ अन्तर्राष्ट्रिय विद्यार्थीले ध्यान दिनु पर्ने कुराहरु के-के हुन् ?

अन्तर्राष्ट्रिय विद्यार्थीहरुले जापानमा रहँदा विभिन्न नियम तथा कानुनको पालना गर्नु आवश्यक छ । अन्य देशहरुमा गैरकानुनी नमानिने कतिपय काम तथा कुराहरु जापानमा गैरकानुनी वा अवैध हुन सक्छन् । अन्तर्राष्ट्रिय विद्यार्थीहरुले ध्यान दिनु पर्ने केहि कुराहरुको जानकारी तल प्रस्तुत गरिएको छ ।

① विद्यालयमा हाजिरी


विद्यालयबाट तोकिएका कक्षाहरुमा अनिवार्य रुपमा उपस्थिति जनाउनु पर्छ । हाजिरीको प्रतिशत (दर) कम भएमा माथिको तहमा जान नपाइने तथा अध्ययन अवधि अगाडि नै विद्यालय छोड्नु पर्ने स्थितिको सृजना हुन सक्छ । त्यसमाथि भिषाको म्याद थपका लागि वा आवासीय हैसियतको परिवर्तनको लागि दिइएको आवेदन अस्वीकृत हुन सक्ने संभावना पनि धेरै हुन्छ ।

②अवैध काम

जापानमा अन्तर्राष्ट्रिय विद्यार्थीहरु प्रवेश गर्ने मुख्य उद्देश्य भनेको अध्ययन हो । पार्ट-टाइम काम गर्न अनुमति प्राप्त गर्नु अघि सबै अन्तर्राष्ट्रिय विद्यार्थीहरुको जाँच बुझ गरिन्छ । अनुमति प्राप्त गरेकाहरुले मात्रै तोकिएको अवस्था अनुसार काम गर्न पाउँछन् । **अनुमति बिना काम गर्नु र तोकिएको समयावधि भन्दा बढी काम गर्नु अवैध मानिन्छ** । प्रचलित कानुन अनुसार कुनै पनि अन्तर्राष्ट्रिय विद्यार्थीहरुले अनुमति प्राप्त गतिविधि बाहिरका काममा संलग्न भएमा वा तोकिएको समयावधि भन्दा बढी काम गरेमा कानुन उल्लङ्घन गरे बापत **जरिवाना र जेल चलान जस्ता दण्ड, सजाय भोग्नु पर्नेछ** । यस बाहेक विद्यालयबाट समेत निष्काशित गरि आफ्नो देश फर्किनु पर्ने समेत हुन सक्छ । त्यसैले माथि उल्लेखित अवैध कार्यहरुमा संलग्न नहुन सतर्कता अपनाउनु होला ।

③अवैध आवास

अवैध काम जस्तै अन्तर्राष्ट्रिय विद्यार्थीहरु सर्तक हुन आवश्यक विषय भनेको **भिषाको अवधि** हो । भिषाको म्याद सकिएर एक दिन मात्रै बढी बसे पनि त्यसलाइ **अवैध** मानिन्छ । फलस्वरुप त्यस्ता व्यक्तिहरुलाइ **जापानबाट निष्काशन** गरिन्छ । त्यसैले विद्यालयको अध्ययन पूरा भएपछि उच्च शिक्षामा भर्ना हुनु अगाडि भिषाको म्याद थपका लागि आवश्यक प्रक्रियाहरु पुरा गर्न जरुरी छ । यदि काम गर्ने इच्छा भएमा, आवासीय हैसियत परिवर्तन गर्नु जरुरी हुन्छ । देश निकालाको **सजाय** भोग्ने व्यक्तिहरुलाई तोकिएको समय सम्म जापान प्रवेश गर्न निषेध गरिएको हुन्छ तर सो अवधि पश्चात पनि ती व्यक्तिहरुले जापान प्रवेशको अनुमति प्राप्त गर्न गाह्रो नै हुन्छ ।



**अवैध आवासका केहि उदाहरणहरु :**

• उच्च शिक्षाको अध्ययन पश्चात वा विद्यालयको अध्ययन अवधिमा भिषाको म्याद रहेको अवधि भित्रै, भिषा नविकरणको प्रकिया पुरा नगरेमा (गर्न बिर्सिएमा)

• अध्ययन पुरा भएपछि पनि तोकिएको समयावधिभित्र आफ्नो देश नफर्किएमा

(भिषाको म्याद बाकि रहेपनि, “विद्यार्थी” भिषा अन्तर्गतका स्वीकृत गतिविधिहरुमा संलग्न नरहेको पाइएमा, भिषा या निवासको अनुमति रद्द गरिने संभावना हुन्छ ।)

माथि उल्लेखित दण्ड सजायबाट बच्न आफ्नो भिषाको म्याद बाँकि रहुन्जेल समयमानै नविकरणको प्रकिया अघि बढाउनु होला ।

④**अन्य**

• विद्यालय अध्ययन पूरा नहुँदै विद्यालय छोड्दा वा विद्यालयको अध्ययन पूरा भएको स्थितिमा जापानको क्षेत्रीय अध्यगमन सेवा ब्यूरोलाई “आफ्नो संस्थागत आबद्धता (गतिविधिहरु) सम्बन्धि सूचना”बारे १४ दिन भित्र जानकारी गराउनु पर्दछ ।

• कतै पनि जाँदा आफ्नो निवास कार्ड आफु संगै लिएर हिंड्नु पर्छ ।

• आफ्नो निवास कार्ड वा व्यक्तिगत नम्बर (माई नम्बर) कार्ड कसैलाई पनि दिनु हुँदैन ।

• निवास कार्ड हराएमा, सर्वप्रथम प्रहरीमा उजुरी गरी, त्यसपछि पुनः जारीका लागि जापानको क्षेत्रीय अध्यागमन सेवा ब्यूरोमा हराएको १४ दिन भित्र निवेदन दिनु पर्छ ।

• व्यक्तिगत नम्बर (माई नम्बर) कार्ड हराएको अवस्थामा यथाशिघ्र प्रहरीमा उजुरी गरी, नगरपालिका कार्यालयमा गइ पुनःजारी गरिदिन निवेदन दिनु पर्नेछ ।

व्यक्तिगत नम्बर (माई नम्बर) कार्डको पनि निश्चित अवधिको म्याद (निवास कार्डको म्याद बराबर) हुने हुनाले म्याद सकिनु अघि नै नगरपालिका कार्यालयमा गई म्याद थपको प्रकिया पूरा गर्नु पर्छ ।

⑤**देश अनुसारको चलन र कानुनको भिन्नताका कारण उठ्ने प्रश्नहरु**

तपाईको देशमा सामान्य मानिने केही कुराहरु जापानमा असामान्य वा अवैध हुन सक्छन् । केहि उदाहरणहरु निम्नलिखित छन् ।

• सडकमा बेवारिसे छोडिएका साईकल, वा अन्य कुनै पनि सामानहरु अनुमतिबिना चलाउन हुंदैन ।

• आफ्नो विद्यार्थी परिचयपत्र, राष्ट्रिय स्वास्थ्य बीमा काड वा निवास कार्ड अरु कसैलाइ प्रयोग गर्न दिन वा अरु कसैको पनि आफूले प्रयोग गर्नु हुँदैन ।

• मध्यरातमा ठूलो स्वरले हल्ला गरी आफ्नो छिमेकीलाइ असर पुऱ्याउने वा रिस उठाउने काम गर्नु हुंदैन ।

• जापानमा, मद्यपान वा धुम्रपान गर्न योग्य हुन २० वर्ष वा माथिको उमेर पुगेको हुनु पर्दछ ।

• सार्वजनिक यातायात (रेल र बसहरु)मा मोबाइल फोनमा कुरा गर्नु हुंदैन ।

● विदेशी नागरिक परामर्श केन्द्र (Foreign Residents' Advisory Center)

यस परामर्श केन्द्रले टोकियोमा रहेका विदेशी नागरिकहरुका लागि दैनिक जिवनका संभावित समस्या तथा जिज्ञासा सम्बन्धि आवश्यक परामर्श प्रदान गर्दछ ।

| परामर्शको भाषा | परामर्श लिन सकिने दिन (सार्वजनिक बिदाको दिन वाहेक) | परामर्श समय | फोन नम्बर |
|---|---|---|---|
| अंग्रेजी | सोमवार-शुक्रवार | ९:३०-१२:०० १३:००-१७:०० | जापान बाहिरबाटः +८१-३-५३२०-७७४४ जापान भित्रः ०३-५३२०-७७४४ |
| चाइनिज | मंगलबार र शुक्रवार | | जापान बाहिरबाटः +८१-३-५३२०-७७६६ जापान भित्रः ०३-५३२०-७७६६ |
| कोरियन | बुधबार | | जापान बाहिरबाटः +८१-३-५३२०-७७०० जापान भित्रः ०३-५३२०-७७०० |

नागरिक मामिला महाशाखा, सामुदायिक गतिविधि प्रवर्द्धन शाखा (Citizens' Affairs Division, Community Activity Promotion Section)
नागरिक तथा सांस्कृतिक मामिला ब्यूरो (Bureau Of Citizens and Cultural Affairs)
पो.ब. नम्बरः १६३-८००१,
टोकियो महानगरपालिका, भवन नं १, उत्तर पट्टि (तेश्रो तल्ला)
शिन्जुकु-कु, निशी शिन्जुकु २-८-१,

※प्रायः जसो परामर्श फोनबाटनै गर्न सकिन्छ । तर भेटेरै परामर्श गर्नु पर्ने अवस्थामा भने जानु अगाडि नै जानकारी गराउनु र समय लिनु जरुरी हुन्छ ।

● विदेशी नागरिक सहायता केन्द्र (Foreign Residents Support Center (FRESC))
https://www.moj.go.jp/isa/support/fresc/fresc01.html
(विदेशी नागरिकहरुले जापानमा बसोबास तथा जीवनयापन सम्बन्धि परामर्श तथा जानकारी लिन सक्छन् । थप जानकारीका लागि वेबसाइट हेर्नुहोस् ।)

पो.ब. नम्बरः १६०-०००४,
टोकियो, योचुया टावर (१३ औं तल्ला)
शिन्जुकु-कु, योचुया १-६-१,
फोन नम्बर : +८१-३-५३६३-३०१३ (नाभी डायल (जापान भित्र मात्र) : ०५७०-०११०००)

## केहि जापानी संस्थाहरुको आधिकारिक वेबसाइट

- शिक्षा, संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मन्त्रालय (शैक्षिक प्रशासन) — https://www.mext.go.jp/
- परराष्ट्र मन्त्रालय(कूटनीतिक प्रशासन) — https://www.mofa.go.jp/mofaj/
- न्याय मन्त्रालय (कानुनी प्रशासन) — https://www.moj.go.jp/
- अध्यागमन सेवा एजेन्सि, जापान (न्याय मन्त्रालयको मातहतको अतिरिक्त मन्त्रालय अन्तर्गतको अध्यागमन नियन्त्रण/प्रशासन) — https://www.moj.go.jp/isa/index.html
- जापान विद्यार्थी सेवा संगठन (JASSO)(स्वतन्त्र प्रशासनिक संस्था) (अन्तर्राष्ट्रिय विद्यार्थीहरुका लागि जापानको विश्वविद्यालयमा प्रवेशका लागि परीक्षा, तथा जापानमा अध्ययनका लागि छात्रवृत्ति) — https://www.jasso.go.jp/
- Japan Educational Exchanges and Services (सार्वजनिक हितकारी संस्था) (जापानी भाषा प्रवीणता परीक्षा (JLPT), तथा जापानमा अध्ययनरत विद्यार्थीहका लागि आवास सम्बन्धि बिमा, आदि) — https://info.jees-jlpt.jp/ http://jees.or.jp/
- जापान खान्जी प्रविणता परीक्षण एसोसिएशन (सार्वजनिक हितकालागि फाउंडेशन) (व्यावसायिक जापानी भाषा प्रवीणता परीक्षा) — https://www.kanken.or.jp/bjt/
- जापानी भाषा प्रबर्द्धन संघ (जापानी भाषा शिक्षण संस्थाहरु) — https://www.nisshinkyo.org/
- सार्वजनिक हितकारी संस्था, टोकियो महानगर विविध व्यावसायिक विद्यालय समिति (टोकियो महानगरमा रहेका व्यावसायिक विद्यालयहरु) — https://studyintokyo.tsk.or.jp/ja/index.php
- राष्ट्रिय व्यावसायिक विद्यालय संघ, जापान (जापानको व्यावसायिक विद्यालयहरु) — https://zensenkaku.gr.jp/zensen_index.cgi https://study-japan-ptc.jp

## जापानमा बस्ने विदेशीहरुको लागि विभिन्न आवश्यक जानकारीका लागि

- टोकियो मेट्रोपोलिटन फाउन्डेशन “TSUNAGARI” डिजिटल पुस्तिका (Life in Tokyo: Your Guide टोकियोमा पहिलो चोटि जीवन बिताउने विदेशीहरुको लागि गाइड बुक)
  https://tabunka.tokyo-tsunagari.or.jp/useful/yourguide.html
- टोकियो अन्तरसांस्कृतिक पोर्टल साइट — https://tabunka.tokyo-tsunagari.or.jp
- आवास नीति कार्यालय, टोकियो महानगरपालिका टोकियोमा आवासीय भाडा विवादको रोकथामका लागि दिशानिर्देशहरु
  https://www.juutakuseisaku.metro.tokyo.lg.jp/fudosan/tintai/310-3/guidelines

# जापानमा अध्ययनका लागि आवश्यक
# प्रारम्भिक ज्ञान २०२५

दर्ता नं : (७) ५
मिति: २०२५/६/३०

संपादन
तथा प्रकाशन: टोकियो नागरिक तथा सांस्कृतिक मामिला व्यूरो
निजि विद्यालय व्यवस्थापन शाखा
पो.ब. नम्बर: १६३-८००१,
टोकियो महानगरपालिका
शिन्जुकु-कु, निशी शिन्जुकु २-८-१,
फोन: ०३-५३२०-७७२४
प्रिन्ट: शिन्सो प्रिन्टिङ्ग कर्पोरेशन
पो.ब. नम्बर: १६१-००३२
टोकियो महानगरपालिका,
शिन्जुकु-कु, नाकाओचियाई १-६-८
फोन: ०३-३९५०-७२२१
फ्याक्स: ०३-३९५०-७२२७






**जापानमा अध्ययनका लागि आवश्यक प्रारम्भिक ज्ञान २०२५**

टोकियो महानगरपालिका

विदेशी विद्यार्थीको अवैध गतिविधि रोकथामको लागी सम्पर्क परिषद